
निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL



# निर्वाचन कार्यक्रमका लागि नागरिक शिक्षा प्रवर्द्धन स्रोत पुस्तिका

# मतदाता नामावली

रातो रङ्गको - सबै भन्दा सजिलो

प्याजी रङ्गको - ठिकै (सजिलै)

निलो रङ्गको -  अलि गाह्रो

यो किताब रातो तहको हो ।

<u>यो तहमा भएका किताबहरू :</u>

- निर्वाचन
- मतदान
- लोकतन्त्र
- समावेशीता र निर्वाचन
- मतादाता नामावली

## निर्वाचन कार्यक्रमका लागि नागरिक शिक्षा प्रवर्द्धन स्रोत पुस्तिका

# मतदाता नामावली

**प्रकाशक**

निर्वाचन आयोग, नेपाल, कान्तिपथ, काठमाण्डौ, नेपाल
फोन नं. :(९७७ -१) - ४२२८६६३/४२२५५८०
फ्याक्स: (९७७ -१) - ४२२९२२७/४२२५५८०
इमेल: info@election.gov.np
वेबसाइट : www.election.gov.np

© निर्वाचन आयोग, नेपाल
सर्वाधिकार सुरक्षित
प्रथम संस्करण : वि.सं. २०७६
ISBN: ९७८९९३७-७३८-०१-९

# विषय सूची


| विषय | पेज |
|---|---|
| मतदाता नामावली | १ |
| छलफलका लागि प्रश्नहरू | २५ |

# मतदाता नामावली

**निर्मला सामुदायिक संस्थाकी परिचालक हुन् । उनी जिल्ला निर्वाचन कार्यालयमा हुने मतदाता नामावली सङ्कलन कार्यक्रम सफल बनाउन गाउँगाउँमा सबैलाई खबर गर्दै हिंडेकी छिन् ।**

ए, तल्ला घरे सान्दिदी ! कता हो भनेको ! घरमा त साम्म-सुम्म छ नि !

ए,..निर्मली पो ! किन बोला कि ? पँधेराबाट पानी लिएर आउँदै छु ।

"दिदी, **जिल्ला निर्वाचन कार्यालयमा** मतदाता नामावली दर्ता कार्य निरन्तर रुपमा भइरहेको छ । आज मतदाता शिक्षाको कार्यक्रम पनि छ। आजभोलि त मतदाता शिक्षा कार्यक्रमबाट निर्वाचनका बारेमा पनि धेरै कुरा सुन्न र बुझ्न पनि पाइन्छ। निर्वाचनको महत्व नबुझेर

पहिलाको निर्वाचनमा हाम्रा गाउंका धेरैले भोट हाल्न गएनन् । तपाईको पनि मतदाता नामावलीमा नाम छुटेको छ रे भन्ने सुनेर खबर गर्न आएको । मतदाता नामावलीमा आफ्नो नाम नभएमा मताधिकार प्रयोग गर्न पाइन्न नी थाह छ की नाई ?”



“हो त निर्मली ! पहिला निर्वाचनमा मैले भोटै हाल्न पाइन । मतदाता नामावलीमा मेरो नाम

नै रहेनछ । कस्तो नरमाइलो लागेको थियो, मलाई त !”

“त्यसैले त दिदी ! हामी जिल्ला निर्वाचन कार्यालयले सञ्चालन गर्ने कार्यक्रममा जानुपर्छ । नाम दर्ता पनि गराउनु पर्छ ।” निर्मलीले भनिन् ।

“मतदाता नामावलीका बारेमा जान्न पनि पाइने । नाम पनि दर्ता गर्न पाइने रहेछ । मतदाता परिचय पत्र पनि आजै दिन्छ र निर्मली ?”

“त्यो त आज दिंदैन । आज त मतदाताको नाम र व्यक्तिगत विवरण सङ्कलन मात्र हुन्छ । मतदाता परिचय पत्र त निर्वाचनका बेलामा मतदान केन्द्रबाट वितरण हुन्छ ।”


“फोटो पनि लानु पर्छ र निर्मली ?”

“पर्दैन, उहीँ खिचिदिनु हुन्छ। कम्प्युटरले खिच्ने हो नि त ।” दिदी ! ल्याप्चे पनि कम्प्युटरमा लगाउने हो !

“के भन्या निर्मली ! ल्याप्चे पनि कम्प्युटरमा लगाउने रे ?”

त्यहीँ गएपछि थाहा पाइहाल्नु हुन्छ नि दिदी !

“मसँग नागरिकताको फोटोकपी छ त्यही लगे हुँदैन निर्मली ?”




“हुँदैन नि दिदी ! सक्कल नै नागरिकता लिएर जानु पर्दछ । व्यक्ति पनि आफैं उपस्थित हुनु पर्छ । अरु गएर पनि हुँदैन ।”

"सक्कल पनि छ ! तर बाक्सामा राखेको छु । झिक्न जानु पर्छ भनेर हो ।"



"नागरिकता, मतदाता परिचय पत्र भन्ने जस्ता कुरा त कामपर्दा साथमा लिएर हिंड्नु पर्छ नि दिदी !"

"ए, त्यसो पो हो ? लौ म लिएर आइहाल्छु । एक्कै छिन पर्ख  है ।"


"ए,..धनसरा भाउजु ! हामीलाई नदेखे झैं कता लमकलमक हो ?"

"ए..! निर्मली पो रहिछ त ?"

“मेरो त मतदाता नामावलीमा नाम नै छैन भन्या ! निर्वाचन कार्यालयले निर्वाचन शिक्षाको कार्यक्रम पनि राखेको छ रे ! नाम पनि दर्ता गर्दै छ रे ! त्यहीँ जाउँ भनेर हिंडेकी ।”

“म पनि त्यहीँ जाने हो नि ! यहाँ सान्दिदीको पनि नाम छुटेको थाहा पाएर सँगै लिएर जाउँ भनी बसेकी । दिदी नागरिकताको प्रमाणपत्र लिएर आउँदै हुनुहुन्छ । सँगै जाउँला ।”

“ल..ल, म पनि निस्किएँ ।” हिडौं भन्दै तीनै जना जिल्ला निर्वाचन कार्यालय तिर लाग्नुभयो ।




**आज जिल्ला निर्वाचन कार्यालयमा थुप्रै महिला पुरुषको जमघट छ। उनीहरू जिल्ला निर्वाचन अधिकारी कमला मिसको कुरा सुन्न तयार भएर बसेका छन् ।**

“हामी निरन्तर रुपमा मतदाता नामावलीका लागि नाम दर्ता गर्ने काम गरिरहेका छौं । हाम्रो कार्यालय, जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयमा समेत नियमित

रुपमा मतदाताको नाम र विवरण दर्ता कार्य भइरहन्छ ।” **तर सबैभन्दा पहिले मतदाता को हुन् भन्नेबारे बुझ्नु आवश्यक हुन्छ ।**

मत खसाल्न योग्य मानिसहरूको नाम र उनीहरूको व्यक्तिगत विवरणको सूचीलाई मतदाता नामावली भनिन्छ । यही मतदाता नामावलीको आधारमा निर्वाचनमा सहभागी हुन पाउने र मतदान गर्नको लागि योग्य भएको मानिन्छ । निर्वाचनमा मतदान गर्नको लागि सबै योग्य नागरिकहरूले फोटो सहितको मतदाता नामावलीमा अनिवार्य रुपमा नाम दर्ता गराउनु पर्दछ ।

१६ वर्ष उमेर पूरा गरी नेपाली नागरिकताको प्रमाणपत्र लिएको व्यक्तिले मतदाता नामावलीमा नाम दर्ता गर्न सक्नेछन् तर प्रचलित निर्वाचन कानुन अनुसार १८ वर्ष उमेर पूरा भएपछि

मात्र उनीहरूले मतदान गर्न पाउँछन् । फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गर्न निम्न शर्तहरू अवश्य पूरा गर्नुपर्दछ ।

(क) नेपाली नागरिक भएको हुनुपर्छ ।

(ख) १६ वर्ष उमेर पूरा गरी नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको व्यक्ति हुनुपर्दछ ।


(ग) कुनै निर्वाचन क्षेत्रभित्रको गाउँपालिका वा नगरपालिकामा स्थायी बसोबास गरेको हुनुपर्दछ ।

**“मतदाता भनेर कसलाई भन्ने मिस ?” जानुकाले प्रश्न गरिन् ।**

“मतदान गर्ने व्यक्ति मतदाता हुन । मतदाता बन्न मतदाता नामावलीमा नाम समावेश हुनुपर्छ ।”

**“व्यक्तिगत विवरणमा के के पर्छ मिस !”**

धनकुमारले जिज्ञासा राख्नुभयो ।




“व्यक्तिगत विवरणमा मतदाता नम्बर, मतदाताको नामथर, जन्ममिति, लिङ्ग, नागरिकताको प्रमाण पत्र नम्बर, नागरिकता प्रमाण पत्र जारी गरिएको जिल्ला, बाबु/आमाको नाम, पति/पत्नीको नाम, ठेगाना, मतदान केन्द्र राखिएको हुन्छ ।”



“मतदाताका लागि चाहिने पहिलो योग्यता भनेको नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको हुनु हो । साथै सम्बन्धित निर्वाचन क्षेत्रमा स्थायी रुपमा बसोबास गरेको हुनुपर्छ । यदि नागरिकताको प्रमाणपत्रमा भएको ठेगाना र हाल बसोबास गरिरहेको ठेगाना फरक परेमा हाल बसिरहेको ठेगानाबाट नाम दर्ता गराउन स्थानीय पञ्जिकाधिकारीले दिएको

बसाई सराईको प्रमाणपत्र, घर जग्गाको प्रमाणपत्र, विवाह गरी आएको भए विवाह दर्ताको प्रमाणपत्र वा बसोबास गरेको जनिने अन्य कागजातहरू आवश्यक पर्दछन् ।




**“मतदाता नामावलीमा नाम हुँदाका फाइदा के के छन् त मिस ?”**

“मतदाता नामावलीमा नाम भएका आधारमा मतदाताले निर्वाचनमा भोट

खसाउन पाउँछन् । उम्मेद्वार बन्न पनि मतदाता हुनै पर्छ । नत्र उम्मेद्वार बन्न पाईंदैन। मतदाताले उम्मेद्वारी दर्ताका समयमा प्रस्तावक र समर्थक बस्न पाउँछन् । स्थानीय तहको निर्वाचन भई गाउँसभा र नगरसभा बसेको पहिलो बैठकले गाउँपालिकाको हकमा दुई जना र नगरपालीकाको हकमा तीन जना दलित वा अल्पसंख्यक मतदाताबाटै समावेशीकरण अनुरुप गाउँसभा, नगरसभा र कार्यपालिका सदस्यमा चयन गर्न पाउँछन् । मतदाता नामावलीमा नाम नभएमा सो अवसर पनि गुम्छ । निर्वाचनमा राजनीतिक दलको प्रतिनिधि हुन पनि मतदाता नामावलीमा नाम हुनुपर्छ। मतदानमा भाग लिनका लागि चाहिने योग्यता भनेको नै मतदाता नामावलीमा नाम हुनु हो ।"

यसै बीच सान्दिदीले आफ्नो अनुभव सुनाउनु भयो । “हो नि, हाम्री भाउजु वडाको महिला सदस्य पदमा उम्मेद्वारी दिन जानुहुँदा प्रस्तावक र समर्थक बनिदिन मलाई भन्नुभएको थियो, मैले हुन्छ भने तर पछि मात्र थाहा पाएँ, त्यसको लागि पनि मतदाता नामावलीमा नाम हुनुपर्ने रहेछ । कस्तो नरमाइलो भयो मलाई, मतदाता नामावलीमा नाम नभएकोले त्यति पनि सहयोग गर्न सकिन मैले ।”

**“एकछिन मेरो कुरा सुन्नोस है त !** छलफललाई आफुतिर आकर्षण गर्दै कमला मिसले भन्नुभयो-“मतदाता नामावली नाम दर्ता गर्दा तपाईहरूको नाम र विवरण टिपिन्छ, स्थायी/अस्थाई ठेगाना लेखिन्छ ।”





“निर्वाचन आयोगले तयार पारेको फारम अनुसारका विवरण भर्ने गरिन्छ । योग्यता पुगेकाको फोटो सहित मतदाता नामावलीमा नाम समावेश गरिन्छ ।”

**“मतदाता दर्ताको काम कहिले र कहाँ कहाँ हुन्छ मिस ?”**

- सुजिताले जिज्ञासा राखिन् ।

“मतदाता दर्ताको काम ७७ वटै जिल्ला निर्वाचन कार्यालयबाट निरन्तर भइरहेको हुन्छ । त्यसै गरी निर्वाचन आयोगले तोकेको

अन्य स्थानमा पनि निरन्तर मतदाता नामावली दर्ता हुन्छ। यस बाहेक अन्य स्थान विशेष गरी जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयमा पनि मतदाता नामावली दर्ताको काम हुन्छ।




**"नाम दर्ता गराउँदा ठेगाना फरक परेमा के गर्नु पर्छ मिस ?"**-प्रगतिले जिज्ञासा राख्नुभयो।

“जुन मानिस जहाँ बसोबास गरेको छ, उसले त्यही स्थानबाट मतदान गर्नुपर्छ । त्यसैले नागरिकतामा भएको ठेगाना र हाल बसोबास गरेको ठेगाना फरक परेमा हाल बसेको ठेगानामा नाम दर्ता गराउनु पर्छ ।”

**“मतदाता नामावलीमा मेरो नाम फरक परेको छ । त्यो नाम कसरी सच्याउन मिल्छ मिस ?”**- बबिताले प्रश्न गरिन् ।

मतदाता नामावलीमा रहेको आफ्नो फोटो वा विवरण सच्याउन परेमा निवेदन दिनु पर्दछ । निवेदनको ढाँचा निर्वाचन आयोगले तोकेको हुन्छ । निवेदन जिल्ला निर्वाचन कार्यालय मार्फत् दिनुपर्छ । तपाईंको निवेदनको आधारमा निर्वाचन आयोगले मतदाताको विवरण सच्याई अन्तिम नामावली प्रकाशित गर्छ ।”

**अध्यावधिकका लागि चाहिने कागजात**

- स्थानीय पञ्जिकाधिकारीले दिएको बसाई सराईको प्रमाणपत्र ।
- घर जग्गाको प्रमाण पत्र ।
- विवाह गरी आएको भए विवाह दर्ताको प्रमाणपत्र वा,
- बसोबास गरेको जनिने अन्य कागजातहरु ।

**"मतदाता नामावली सम्बन्धमा कस्ता कसुर र सजाय हुन्छन् नि मिस !" सिर्जनाको जिज्ञासा थियो ।**

"नेपाली नागरिक नभएको व्यक्तिले नेपाली नागरिक हुँ भनी नाम ढाँटेर मतदाता नामावलीमा नाम समावेश गराएको रहेछ

भने उसलाई नगद जरिवाना वा कैद सजाय हुन्छ ।”

**नगद जरिवाना वा कैद सजाय वा दुवै हुने केही निर्वाचन कसुर तथा अपराधहरू :**

(क) आफ्‌नो नाम, थर, ठेगाना ढाँटी वा दोहोरो विवरण दर्ता गराएमा वा निवेदन दिएमा ।

(ख) निर्वाचनका लागि राखिएका विवरण लगायतका कागजात गोप्य हुन्छन् । यदी कुनै कर्मचारीले आफ्नो जिम्माका विवरणको गोपनियता भङ्‌ग गरेमा ।

(ग) जानीजानी कुनै कर्मचारीले व्यहोरा थपघट गरेमा वा सच्याएमा ।

(घ) मतदाता नामावली बिगारेमा वा नोक्सान पारेमा ।

(ङ) नामावली तयार गर्ने काममा खटिएका कर्मचारीलाई कुनै डर, धम्की वा प्रलोभन दिएमा वा बल प्रयोग गरेमा ।


(च) दर्ता प्रयोजनका लागि आयोगले सङ्कलन गरेका नाम, थर, ठेगाना, फोटो र अन्य विवरण दुरुपयोग गरेमा वा अनाधिकृत रुपमा प्रकाशन गरेमा ।

(छ) आयोगले नेपाल सरकारलाई उपलब्ध गराएका मतदाता नामावली विवरण निश्चित प्रयोजन बाहेक अन्यत्र प्रयोग गरेमा वा वितरण गरेमा ।

**मतदाता परिचय पत्र कसरी वितरण गर्ने व्यवस्था छ मिस ?-** सुन्तली भाउजुले प्रश्न गर्नुभयो ।

"सुन्तली भाउजु ! तपाईंको मतदाता परिचय पत्र छ कि छैन ?"

"छैन नि ! नानी । आज नाम दर्ता गराएकी छु । अब आउला नि हैन र ?"





"हो भाउजु ! केही समयपछि आउँछ । हामी खबर गर्छौं । मतदाता नामावलीमा नाम भएकाको पहिचानका आधारमा परिचय पत्र

वितरण गर्छौं । **नाम दर्ता गराउँदाको अर्धकट्टी सुरक्षित राख्नुहोला ।** तपाईंहरूलाई सुविधा हुने हिसाबले हामीले वितरण स्थान तोक्ने छौं । मतदाता परिचय पत्र सुरक्षित राख्नु मतदाताको कर्तव्य हुन्छ ।"

"त्यसै गरी मतदाता नामावली विना निर्वाचनका कुनै कुरा अगाडि बढ्दैन ।"

"मतदाता कति छन् ? कतिले मत खसाले ? कति प्रतिशत मत खस्यो ? कति मत बदर भयो ? भन्ने जस्ता कुराका लागि पनि मतदाता नामावली नभई हुँदैन, होइन त मिस"-कविताले आफ्ना कुरा राख्नुभयो ।"



"तपाईंहरूले भन्नु भएको कुरा ठीक हो । निर्वाचनको आधार भनेकै मतदाता नामावली हो । जसले सही मतदान गर्न, मतदाता पहिचान गर्न, मतदानको काम छिटो छरितो र विवाद रहित तुल्याउन सहयोग गर्छ ।"

यस छलफलबाट हामीले मतदाता नामावली के रहेछ ? यो किन आवश्यक रहेछ ? यसको महत्व कस्तो रहेछ ? भन्ने जस्ता कुरा सिक्यौं । सिकेका कुरा आफ्नो व्यवहारमा लागु

गर्न र आफ्ना समुदायमा यो सन्देश पुऱ्याउन तपाईहरू सफल हुनहुनेछ भन्ने विश्वास राख्दै कार्यक्रम समापन भएको जानकारी सहजकर्ताले दिनुभयो ।

## छलफलका लागि प्रश्नहरू

१. मतदाता भनेर कसलाई भन्छ ?

२. मतदाता नामावली भनेको के हो ?

३. मतदाता नामावलीमा नाम दर्ता किन गर्नुपर्छ ?

४. मतदाता नामावलीमा नाम दर्ता गर्न जाँदा साथमा के लानुपर्छ ?

५. मतदाता नामावलीमा नाम दर्ता गर्न कति वर्ष पूरा भएको हुनुपर्छ ?

६. फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गर्न के कस्ता शर्तहरू पूरा गर्नुपर्दछ ?

७. व्यक्तिगत विवरणमा के के पर्छ ?

८. मतदाताका लागि चाहिने पहिलो योग्यता के हो ?

९. यदि नागरिकताको प्रमाणपत्रमा भएको ठेगाना र हाल बसोबास गरिरहेको ठेगाना फरक परेमा के गर्नुपर्छ ?

१०. मतदाता नामावलीमा नाम हुँदाका फाइदा के के छन् ?

११. मतदाता नामावलीमा नाम दर्ताको काम कहिले र कहाँ कहाँ हुन्छ ?

१२. नाम दर्ता गराउँदा ठेगाना फरक परेमा के गर्नुपर्छ ?

१३. अध्यावधिकका लागि के कस्ता कागजात चाहिन्छ ?

१४. मतदाता नामावली सम्बन्धमा के कस्ता कसुर र सजाय हुन्छन् ?

१५. मतदाता परिचय पत्र कहाँ, कसरी वितरण गर्छ ?

१६. तपाईंहरुले आफ्नो तथा आफ्ना छोराछोरीको नाम मतदाता नामावलीमा दर्ता गराउनु भएको छ ?

# सहयोगी

Educational Resource And Development Center Nepal
2061

UNESCO
United Nations
Educational, Scientific and
Cultural Organization
संयुक्त राष्ट्र संघीय
शैक्षिक, वैज्ञानिक तथा
सांस्कृतिक संगठन

Sustainable
Development
Goals
दिगो विकास लक्ष्यहरू

Kathmandu Office

ESP is supported by
European
Union

UNDP
Empowered lives.
Resilient nations.

*यो पुस्तक युरोपियन युनियन र युएनडीपीको आर्थिक सहयोगमा प्रकाशन गरिएको हो । यस पुस्तकमा उल्लेखित विषयहरुले दातृमुलुक तथा दातृनिकायहरुको प्रतिनिधित्व गर्दैनन् ।*